
AEC Australian Electoral Commission

# मतदान केन्द्रमा कसरी मतदान गर्ने?

**पढ्न सजिलो गाइड**

Easy Read



# यो गाइडको प्रयोग कसरी गर्ने




यो गाइड अष्ट्रेलियाको निर्वाचन आयोग (Australian Electoral Commission) (AEC) ले तयार पारेको हो। जब तपाईंले 'हामी' शब्द देख्नुहुन्छ, त्यसले AEC लाई जनाउँछ।

हामीले यो गाइड पढ्न सजिलो तरिकाले लेखेका छौँ।

केही कुराहरू स्पष्ट पार्न हामी चित्रहरूको प्रयोग गर्छौं।




हामीले केही शब्दहरू **'मोटो'** गरेर लेखेका छौँ। हामी यी शब्दहरूको मतलब व्याख्या गर्छौं। पृष्ठ ३० मा यी शब्दहरूको सूची छ।



यो गाइड पढ्नको लागि तपाईंले सहायता माग्न सक्नुहुन्छ। साथी, परिवारको सदस्य वा सहयोगी व्यक्तिले तपाईंलाई मद्दत गर्न सक्नेछन्।

# यो गाइडमा के छ?


| | |
|---|---|
| निर्वाचनमा मतदान | 4 |
| मतदानका लागि नाम दर्ता | 6 |
| तपाईंले मतदान कहिले गर्नु पर्छ? | 7 |
| यदि निर्वाचनको दिन मतदान गर्न सक्नुहुन्न भने के हुन्छ? | 8 |
| मतदान गर्नका लागि तपाईं कहाँ जाने? | 10 |
| निर्वाचनको दिन के हुन्छ? | 12 |
| निर्वाचन अधिकारीले के गर्नेछन्? | 15 |
| आफ्नो मतपत्रमा तपाईं के गर्नुहुन्छ? | 17 |
| कसरी तपाईंले आफ्नो हरियो मतपत्र भर्ने? | 18 |
| तपाईंको सेतो मतपत्र तपाईं कसरी भर्नुहुन्छ? | 20 |
| तपाईंलाई मतपत्र भर्न सहायता चाहिएमा के गर्ने? | 24 |
| तपाईंले गल्ती गर्नुभयो भने के हुन्छ? | 25 |
| तपाईंले आफ्नो मतपत्र कहाँ खसाल्ने? | 26 |
| के तपाईं निर्वाचनमा मतदान गर्नुअघि अभ्यास गर्न सक्नुहुन्छ? | 28 |
| तपाईंले कसरी थप जानकारी पाउन सक्नुहुन्छ? | 29 |
| शब्दसूची | 30 |
| हामीलाई सम्पर्क गर्नुहोस् | 34 |


# निर्वाचनमा मतदान




अष्ट्रेलियामा प्रत्येक ३ वर्षमा **संघीय निर्वाचन** हुने गर्छ।



संघीय निर्वाचन पूरै देशको लागि हो।



यसरी हामी अष्ट्रेलियाको सरकारको छनौट गर्दछौँ।




गभर्नर-जनरलले निर्वाचनको मिति तोक्दछन्। निर्वाचनको दिन शनिबार हुनेछ।



त्यो दिन अष्ट्रेलियाका जनताले **मतदान** गर्नेछन्।

जब तपाईं मतदान गर्नुहुन्छ, तपाईंले अष्ट्रेलियाको सरकारमा सहभागी हुनेहरू छनौट गर्न मद्दत गर्नुहुन्छ।




तपाईंले अनिवार्यरूपमा मतदान गर्नु पर्नेछ, यदि तपाईं:

- अष्ट्रेलियाको **नागरिक** हुनुहुन्छ।
  र
- 18 वर्ष वा बढी उमेरको हुनुहुन्छ।



नागरिक त्यो हो जसलाई उनीहरू बस्ने देशको अधिकार र स्वतन्त्रता दिइएको हुन्छ।




मतदान गर्नाले तपाईंलाई कसले देश चलाउने भन्नेबारे आफ्नो धारणा राख्न दिन्छ।

# मतदानका लागि नाम दर्ता




तपाईंले मतदान गर्न पाउनअघि तपाईले आफ्नो नाम **दर्ता** गर्नुपर्छ।




जब तपाईंले नाम दर्ता गर्नुहुन्छ, हामी तपाईंको **नाम मतदाताहरू** - मतदान गर्ने सक्ने व्यक्तिहरू - को सूचीमा राख्दछौँ।




यो सूचीलाई **मतदाता नामावली** भनिन्छ।




मतदाता नामावलीमा दर्ता हुन तपाईंले दर्ता फाराम भर्नुपर्छ।




तपाईंको नाम दर्ता कसरी गर्ने भन्ने बारेमा जान्न तपाईंले हाम्रो गाइड - *मतदानको लागि कसरी नाम दर्ता गर्ने*?- पढ्न सक्नुहुन्छ ।

# तपाईंले मतदान कहिले गर्नु पर्छ?



गभर्नर-जनरलले निर्वाचनको मिति तोक्दछन्।



निर्वाचनको दिन तोकिएपछि त्यसबारे हामी सबैलाई जानकारी दिन्छौं।




यदि तपाईंलाई निर्वाचनको दिन पत्ता लगाउनुछ भने, तपाईंले:

- हाम्रो वेबसाइट **www.aec.gov.au** हेर्नु सक्नुहुन्छ।
- परिवारको सदस्य, साथी वा छिमेकीलाई सोध्न सक्नुहुन्छ।
- टिभिमा समाचार हेर्न सक्नुहुन्छ।
- अनलाइन खोज्न सक्नहुन्छ।
- **13 23 26** मा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ।




निर्वाचनको दिन बिहान ८ बजेबाट मतदान शुरू हुनेछ।




निर्वाचनको दिन बेलुकी ६ बजे मतदान बन्द हुन्छ।




मतदान बन्द हुनुअघि तपाईंले मतदान गर्नुपर्छ।

# यदि निर्वाचनको दिन मतदान गर्न सक्नुहुन्न भने के हुन्छ?




कहिलेकाहीँ मानिसहरूले निर्वाचनको दिन मतदान गर्न सक्दैनन्।



उनीहरू बिदामा टाढा गएको हुन सक्छन्।



वा उनीहरू अस्पतालमा हुन सक्छन्।




यदि तपाईंले निर्वाचनको दिन मतदान गर्न सक्नुहुन्न भने तपाईंले निर्वाचनअगाडि नै मतदान गर्न सक्नुहुन्छ।




तपाईंले केही मतदान स्थलनिर्वाचनको दिन अगाडि नै मतदान गर्न सक्नुहुन्छ।




यदि हामीलाई **13 23 26** मा  सम्पर्क गर्नुभएमा हामी तपाईंलाई तपाईं नजिकको स्थल भेटाउन मद्दत गर्नेछौं।




तपाईंले हामीलाई तपाईंको मत हुलाकमार्फत पनि पठाउन सक्नुहुन्छ।

यसलाई **हुलाकी मतदान** भनिन्छ।




तपाईंले हुलाकबाट मतदान कसरी गर्ने भनेर जान्न हाम्रो गाइड- *हुलाकबाट कसरी मतदान गर्ने ?*- पढ्न सक्नुहुन्छ।


# मतदान गर्नका लागि तपाईं कहाँ जाने?




निर्वाचनको दिन तपाईं **मतदान केन्द्रमा** मतदान गर्न जानुहुन्छ।




मतदान स्थल एउटा भवन हो, जस्तै विद्यालय वा सामुदायिक केन्द्र, जहाँ मानिसहरू निर्वाचनमा मतदान गर्न जान्छन्।




तपाईंले प्रायः मतदान स्थल आफ्नो घरनजिकै भेटाउन सक्नु हुनेछ।




जब निर्वाचनको दिन तोकिन्छ हामी हाम्रो वेबसाइटमा मतदान स्थलहरूको सूची राख्नेछौँ।

**www.aec.gov.au**



अथवा तपाईंले हामीलाई **13 23 26** मा सम्पर्क गर्न सक्नुहुन्छ र हामी तपाईंलाई मतदान स्थल खोज्न सहायता गर्नेछौँ।



तपाईंले आफू बस्ने राज्य वा क्षेत्रको जुनसुकै मतदान स्थलमा मतदान गर्न सक्नुहुन्छ।



यदि निर्वाचनको दिन तपाईं अर्कै राज्य वा क्षेत्रमा हुनुहुन्छ भने तपाईंले उक्त राज्यको मतदान केन्द्रमा मतदान गर्न सक्नुहुन्छ।

# निर्वाचनको दिन के हुन्छ?

## मतदान स्थल बाहिर



मतदान स्थल बाहिर तपाईंले देख्नुहुनेछ:

- **मतदाताहरू** - मतदान गर्न योग्य व्यक्तिहरू
- कार्यकर्ताहरू जसले **उम्मेदवार**हरूलाई समर्थन गर्छन्।




उम्मेदवार भनेको संसदको सदस्य हुन चाहने व्यक्ति हो।



तपाईंले निर्वाचनमा जिताउन चाहेको उम्मेदवारलाई भोट दिनु हुनेछ।




उम्मेदवारहरूलाई समर्थन गर्ने कार्यकर्ताहरूले *कसरी मतदान गर्ने* भन्ने कार्ड वितरण गर्छन्।




*कसरी मतदान गर्ने* भन्ने कार्डले तपाईंले हरेक उम्मेदवारलाई कसरी भोट दिने भनेर सुझाव दिन्छन्।




*कसरी मतदान गर्ने* कार्डले तपाईंलाई निम्न सहायता गर्न सक्छ:

- तपाईंले मतदान गर्न चाहनुभएको उम्मेदवार छान्न।
- उक्त उम्मेदवारलाई सही तरिकाले मतदान गर्न।




तपाईंले *कसरी मतदान गर्ने* कार्ड लग्नु पर्दैन।

# मतदानस्थल भित्र




जब तपाईं मतदान स्थल भित्र पुग्नुहुन्छ, त्यहाँ **निर्वाचन अधिकारी**हरू हुनेछन्।



निर्वाचन अधिकारीहरू निर्वाचनको दिन मतदान स्थलमा काम गर्ने मानिस हुन्।

उनीहरूको काम तपाईंलाई सहायता गर्ने हो।



जब तपाईं मतदान स्थलमा पुग्नु हुन्छ, तपाईंले लाइनमा पर्खनु पर्ने हुनसक्छ।



यदि त्यहाँ लाइन छैन भने तपाईं सीधा टेबलमा गएर निर्वाचन अधिकारीसँग बोल्न सक्नुहुन्छ।

## निर्वाचन अधिकारीले के गर्नेछन्?



निर्वाचन अधिकारीले तपाईंलाई ३ प्रश्नहरू सोध्नेछन्।

**1. तपाईंको पूरा नाम के हो?**



निर्वाचन अधिकारीलाई तपाईंको पूरा नाम भन्नुहोस्:

- नाम
- थर




तपाईंले उनीहरूलाई त्यही नाम भन्नु पर्नेछ जुन तपाईंले मतदानको लागि दर्ता गर्दा दिनु भएको थियो।

**2. तपाईं कहाँ बस्नुहुन्छ?**



उनीहरूलाई तपाईंको घरको ठेगाना भन्नुहोस्।



तपाईंले उनीहरूलाई त्यही ठेगाना भन्नु पर्नेछ जुन तपाईंले मतदानको लागि दर्ता गर्दा दिनु भएको थियो।



निर्वाचन अधिकारीले तपाईंको नाम मतदाता नामावलीमा खोज्नेछन्।

जब उनीहरूले तपाईंको नाम भेट्छन्, उनीहरूले त्यसलाई मतदाता नामावालीमा चिह्न लगाउनेछन्।


### 3. के तपाईंले यो निर्वाचनमा पहिल्यै मतदान गरिसक्नु भएको छ?




यदि तपाईंलेः

- निर्वाचनको दिनमा, वा
- निर्वाचनको दिनअघि, जस्तै हुलाकी मतदानबाट,

मतदान गर्नु भएको छैन भने "छैन" भन्नुहोस्।




निर्वाचन अधिकारीले तपाईंलाई २ वटा **मतपत्र** दिनेछन्:

- एउटा सेतो
- एउटा हरियो।




मतपत्रहरू:

- फारामहरू हुन् जुन तपाईंले कसलाई भोट दिने भन्ने देखाउन भर्नुहुन्छ।
- उम्मेदवारहरूको नाम यसमा छापिएको हुन्छ।

## आफ्नो मतपत्रमा तपाईं के गर्नुहुन्छ?



जब तपाईंले आफ्नो मतपत्र पाउनुहुन्छ त्यसलाई एउटा कार्डबोर्डको मतदान स्क्रिन (कक्ष) मा लैजानुहोस्।



स्क्रिनले तपाईंको मतपत्र कसैले नदेख्नेगरी भर्न दिन्छ।



त्यहाँ तपाईंलाई प्रयोग गर्नका लागि कलम राखिएको हुनेछ।

तर तपाईंले चाहनुहुन्छ भने आफ्नै कलम वा सिसाकलमको प्रयोग गर्न सक्नुहुन्छ।

## कसरी तपाईंले आफ्नो हरियो मतपत्र भर्ने?




तपाईंको हरियो मतपत्र **प्रतिनिधि सभा (House of Representatives)** का लागि हो।

प्रतिनिधि सभाः



- अष्ट्रेलियाको संसदको २ सदनहरू मध्येको १ हो – जहाँ सरकार बनाइन्छ




- यहाँ अष्ट्रेलियाका जनताले चुनेको १५१ जना प्रतिनिधिहरू हुन्छन्।




तपाईंको हरियो मतपत्रमा:

- उम्मेदवारको नामको सूची हुन्छ
- खाली कोठाहरू हुन्छन् ।




आफूले सबैभन्दा बढी भोट दिन चाहेको उम्मेदवार छान्नुहोस्।

उनीहरूको नामसँगै भएको खाली कोठामा 1 लेख्नुहोस्।




आफूले त्यसपछि मतदान गर्न चाहेको अर्को उम्मेदवार छान्नुहोस्।


उनीहरूको नामसँगै भएको खाली कोठामा 2 लेख्नुहोस्।



सबै कोठाहरू नभरिएसम्म एक पछि अर्को उम्मेदवार छान्नुहोस् र नम्बर लेख्नुहोस्।




कोही उम्मेदवारको नामसँगै शब्दहरू वा फोटो हुनसक्छ।




प्रत्येक कोठामा भिन्नै नम्बर हुनुपर्छ।




जब सबै कोठाहरू भरिन्छ, तपाईंको मतपत्र पुरा हुन्छ।

## तपाईंको सेतो मतपत्र तपाईं कसरी भर्नुहुन्छ?




तपाईंको सेतो मतपत्र **राष्ट्रिय सभा (Senate)** को लागि हो।

राष्ट्रिय सभा (सिनेट):



- अष्ट्रेलियाको संसदको २ सदन मध्येको १ हो – यसलाई माथिल्लो सदन भनिन्छ।




- यहाँ ७६ जना प्रतिनिधिहरू हुन्छन् जसलाई अष्ट्रेलियाका जनताद्वारा हरेक राज्य र क्षेत्रको प्रतिनिधित्व गर्न चुनिएका हुन्छन्:
    - ६ राज्य

○ २ क्षेत्र।




तपाईंको सेतो मतपत्रमा एउटा कालो धर्को हुन्छ।



कालो धर्कोमाथि समूहहरूको सूची हुन्छ।

धेरैजस्तो समूहहरू **राजनीतिक पार्टी** हुन्छन्।



राजनीतिक पार्टी भनेको उम्मेदवारहरूको समूह हो जसमा सबै :

- समान विचारधारा राख्दछन्
- सरकारले देश कसरी चलाउनु पर्छ भन्ने कुरामा सहमत हुन्छन्।



कालो धर्कोमुनि उम्मेदवारहरूको सूची हुन्छ।

सेतो मतपत्र भर्ने २ तरिकाहरू छन्:




- कालो धर्कोमाथि नम्बर लेख्नुहोस् र समूहका लागि भोट दिनुहोस्।

वा




- कालो धर्कोभन्दा मुनि कोठाहरूमा नम्बर लेख्नुहोस् र उम्मेदवारहरूका लागि भोट दिनुहोस्।

## कालो धर्कोभन्दा माथि भोट गर्ने




आफूले सबभन्दा बढि भोट दिन खोजेको समूह छान्नुहोस्।

उनीहरूको नामसँगै भएको खाली कोठामा 1 लेख्नुहोस्।





आफूले भोट दिन चाहेको अर्को समूह छान्नुहोस्

उनीहरूको नामसँगै भएको खाली कोठामा 2 लेख्नुहोस्।





६ वटा कोठा नभरिएसम्म समूह चुन्दै जानुहोस् र नम्बर लेख्दै जानुहोस्।

तपाईंले ६ कोठाहरू सम्म मात्र भरेर छाड्न सक्नुहुन्छ वा त्यस पछि पनि लेख्दै जान सक्नुहुन्छ।




यदि त्यहाँ ६ भन्दा कम खाली कोठाहरू छन् भने हरेक कोठामा नम्बर राख्नुहोस्।




केही समूहहरूको नामसँगै शब्दहरू वा तस्विर हुनसक्छ।

## कालो धर्कोतल भोट गर्ने




आफूले सबैभन्दा बढी भोट दिन चाहेको उम्मेदवार छान्नुहोस्।

उनीहरूको नामसँगै भएको खाली कोठामा 1 लेख्नुहोस्।




आफूले त्यसपछि मतदान गर्न चाहेको अर्को उम्मेदवार छान्नुहोस्।

उनीहरूको नामसँगै भएको खाली कोठामा 2 लेख्नुहोस्।




जबसम्म १२ कोठाहरू भरिँदैन उम्मेदवार चुन्दै जानुहोस् र नम्बर लेख्दै जानुहोस्।

तपाईंले १२ कोठाहरू सम्म मात्र भरेर छाड्न सक्नुहुन्छ वा त्यस पछि पनि लेख्दै जान सक्नुहुन्छ।



यदि त्यहाँ १२ भन्दा कम खाली कोठाहरू छन् भने हरेक कोठामा नम्बर राख्नुहोस्।

## तपाईंलाई मतपत्र भर्न सहायता चाहिएमा के गर्ने?



यदि तपाईंलाई मतदान गर्दा सहायता चाहिएमा तपाईंले गर्नसक्ने कुराहरू:

- आफूसँगै परिवारको सदस्य वा साथी लग्नुहोस्।
- निर्वाचन अधिकारीलाई सोध्नुहोस्।

निर्वाचन अधिकारीले:




- मतपत्र भर्न तपाईंलाई सहयोग गर्नसक्छन्।




- तपाईंले कसलाई मतदान गर्नुभयो भन्न पाउने छैनन्।



- तपाईंको मतलाई गोप्य राख्नेछन्।

## तपाईंले गल्ती गर्नुभयो भने के हुन्छ?



यदि तपाईंले मतपत्र भर्दा गल्ती गर्नुभयो भने तपाईंलाई मतपत्र दिने निर्वाचन अधिकारीकोमा मतपत्र फिर्ता लैजानुहोस्।




निर्वाचन अधिकारीलाई भन्नुहोस् कि तपाईंले :

- गल्ती गर्नुभयो
- नयाँ मतदान पत्र चाहनुहुन्छ।



निर्वाचन अधिकारीले:

- गल्ती भएको मतपत्र लिनेछन्।
- तपाईंलाई नयाँ मतपत्र दिनेछन्।




तपाईंले नयाँ मतपत्र लिन सक्नु हुन्छ र भर्न सक्नु हुन्छ।

## तपाईंले आफ्नो मतपत्र कहाँ खसाल्ने?



तपाईंले मतपत्रहरू भरिसकेपछि तपाईंले त्यसलाई **मतपेटिका**मा हाल्नु पर्छ।




मतपेटिका अर्थात मतपत्र बाकस भनेको बन्द बाकस हो जसमा मतदाताहरूले मतपत्रमा मत दिएर खसाल्छन्।

त्यहाँ २ मतपेटिका हुनेछन्:

- एउटा हरियो मतपत्रको लागि
- एउटा सेतो मतपत्रको लागि।




तपाईंको हरियो मतपत्र त्यो मतपेटिकामा जान्छ जसमा लेखेको हुन्छ: हरियो (GREEN)।




तपाईंको सेतो मतपत्र कागज त्यो मतपेटिका मा जान्छ जसमा लेखेको हुन्छ: सेतो (WHITE)।



यदि तपाईंलाई सहायता चाहिएमा निर्वाचन अधिकारीलाई सोध्नुहोस्।



जब तपाईंले आफ्नो मतहरू मतपत्र बाकसमा खसाल्नु हुन्छ तपाईंले मतदान गर्न सकियो।

# के तपाईं निर्वाचनमा मतदान गर्नुअघि अभ्यास गर्न सक्नुहुन्छ?




यदि तपाईं मतदानको अभ्यास गर्न चाहनुहुन्छ भने हाम्रो वेबसाइट हेर्न सक्नुहुन्छ।

**www.aec.gov.au/practice**



तपाईंको अभ्यास मत गनिने छैन।




तपाईंले अझै पनि मतदान गर्नुपर्ने हुन्छ:

- मतदान स्थानमा

  वा

- हुलाकद्वारा।

# तपाईंले कसरी थप जानकारी पाउन सक्नुहुन्छ?




यदि तपाईंलाई मतदानबारे थप जान्नु छ भने हामीसँग तपाईंले पढ्नसक्ने अरू २ वटा गाइडहरू छन्:

- *मतदानको लागि कसरी नाम दर्ता गर्ने?*
- *हुलाकबाट कसरी मतदान गर्ने?*




तपाईंले यी गाइडहरू हाम्रो वेबसाइटमा भेट्टाउनु हुन्छ।

**www.aec.gov.au/assistance**





हामीसँग हाम्रो वेबसाइटमा अंग्रेजीबाहेक अरू भाषा बोल्ने मानिसहरूको लागि पनि जानकारी उपलब्ध छ।

# शब्दसूची




**मतपेटिका**

मतपेटिका अर्थात मतपत्र बाकस भनेको बन्द बाकस हो जसमा मतदाताहरूले मतपत्रमा मत दिएर खसाल्छन्।




**मतपत्र**

मतपत्रहरू:

- फारामहरू हुन् जुन तपाईंले कसलाई भोट दिने भन्ने देखाउन भर्नुहुन्छ।
- उम्मेदवारहरूको नाम यसमा छापिएको हुन्छ।



**नागरिक**

नागरिक त्यो हो जसलाई उनीहरू बस्ने देशको अधिकार र स्वतन्त्रता दिइएको हुन्छ।



**निर्वाचन अधिकारीहरू**

निर्वाचनको दिन मतदान केन्द्रहरूमा काम गर्ने मानिसहरू।

उनीहरूको काम तपाईंलाई सहायता गर्ने हो।




**मतदाता नामावली**

मतदाताहरूको सूची।




**नाम दर्ता**

जब तपाईं नाम दर्ता गर्नुहुन्छ हामी तपाईंको नाम मतदाताको सूचीमा राख्छौँ।



**संघीय निर्वाचन**

संघीय निर्वाचन पूरै देशको लागि हो।

यसरी हामी अष्ट्रेलियाको सरकारको छनौट गर्दछौँ।




**प्रतिनिधि सभा**

प्रतिनिधि सभाः

- अष्ट्रेलियाको संसदको २ सदनहरू मध्येको १ हो – जहाँ सरकार बनाइन्छ
- यहाँ अष्ट्रेलियाका जनताले चुनेको १५१ जना प्रतिनिधिहरू हुन्छन्।

### राजनीतिक पार्टी




राजनीतिक पार्टी भनेको उम्मेदवारहरूको समूह हो जसमा सबै :

- समान विचारधारा राख्दछन्
- सरकारले देश कसरी चलाउनु पर्छ भन्ने कुरामा सहमत हुन्छन्।

### मतदान स्थल




मतदान स्थल एउटा भवन हो, जस्तै विद्यालय वा सामुदायिक केन्द्र, जहाँ मानिसहरू निर्वाचनमा मतदान गर्न जान्छन्।




### हुलाकी मतदान

तपाईंले आफ्नो मतदान हुलाकबाट हामीलाई पठाउनुहुन्छ।

**राष्ट्रिय सभा (सिनेट)**




राष्ट्रिय सभा (सिनेट):

- अष्ट्रेलियाको संसदको २ सदन मध्येको १ हो – यसलाई माथिल्लो सदन भनिन्छ।
- यहाँ ७६ जना प्रतिनिधिहरू हुन्छन् जसलाई अष्ट्रेलियाका जनताद्वारा हरेक राज्य र क्षेत्रको प्रतिनिधित्व गर्न चुनिएका हुन्छन्:
    - ६ राज्य
    - २ क्षेत्र।



**मतदान**

जब तपाईं मतदान गर्नुहुन्छ, तपाईंले अष्ट्रेलियाको सरकारमा सहभागी हुनेहरू छनौट गर्न मद्दत गर्नुहुन्छ।



**मतदाता**

मतदान गर्न योग्य मानिसहरू।

# हामीलाई सम्पर्क गर्नुहोस्

राष्ट्रिय प्रसारण सेवा (National Relay Service) (NRS)

टि.टि.वाइ. (TTY) प्रयोगकर्ताहरू:

- 13 36 77 मा फोन गर्नुहोस्
- अनि 13 23 26 नम्बरमा जोडिदिन अनुरोध गर्नुहोस्

भन्ने र सुन्ने प्रयोगकर्ताहरू:

- फोन 1300 555 727 मा फोन गर्नुहोस्
- अनि 13 23 26 नम्बरमा जोडिदिन अनुरोध गर्नुहोस्

इन्टरनेट प्रसारण प्रयोगकर्ताहरू:

- एन. आर.एस. (NRS) मा जोडिनुहोस्
- अनि 13 23 26 नम्बरमा जोडिदिन अनुरोध गर्नुहोस्

अन्य भाषाहरू:

- 1300 720 153 मा फोन गर्नुहोस्

**www.aec.gov.au**

**/AusElectoralCom/**

**@AusElectoralCom**

**@AusElectoralCom**

इन्फरमेशन एक्सेस ग्रुप (Information Access Group) ले स्टक फोटो र विशेष चित्रहरूको प्रयोग गरेर यस पढ्न सजिलो गाइड तयार गरेको छ। अनुमतिबिना चित्रहरू पुन: प्रयोग गर्न पाईंदैन। चित्रबारे कुनै पनि सोधपुछका लागि **www.informationaccessgroup.com** मा जानुहोस्। कामको संख्या 3035-B उल्लेख गर्नुहोस।

निर्वाचन उपआयुक्त, क्यानबेराद्वारा अधिकृत।